**P-EBT के हो ?**

प्यान्डेमिक इलेक्ट्रोनिक बेनिफिट ट्रान्सफर (P-EBT) भनेको 2020-2021 शैक्षिक वर्षको अवधिमा कुनै पनि बेला महामारीको कारणले स्कुल बन्द भएपछि निःशुल्क वा सुपथ मूल्यको स्कुल खानामा अस्थायी रूपमा पहुँच गुमाएका बच्चाहरू भएका परिवारहरूका लागि खाना किन्न सहयोग गर्ने एक लाभकारी कार्यक्रम हो ।

P-EBT योग्यता* राष्ट्रिय स्कुल भोजन कार्यक्रममा सहभागिता, नि:शुल्क वा सुपथ मूल्यको स्कुल भोजन स्थिति **र** विद्यार्थी दूर वा भर्चुअल शिक्षामा सहभागी हुने दिन (कम्तीमा लगातार 5 दिन) को आधारमा निर्धारण गरिन्छ ।

> *यदि तपाईं नि:शुल्क वा सुपथ मूल्य भोजनको लागि आवेदन दिन चाहनुहुन्छ भने हामी तपाईंलाई आफ्नो स्थानीय स्कुललाई सम्पर्क गर्न प्रोत्साहित गर्दछौँ । युटान्स अगेन्स्ट हङ्गर (भोकका विरुद्ध युटाबसी) सँग तपाईंको स्कुलमा सम्पर्क गर्ने सामग्री छ ।

**म योग्य छु या छुइनँ भनेर मैले कसरी थाहा पाउने ?**

P-EBT प्राप्त गर्न, विद्यार्थीहरूले आफ्नो स्कुलमार्फत निःशुल्क वा सुपथ मूल्यको स्कुल खाना प्राप्त गर्न नाम दर्ता गर्नै पर्ने हुन्छ ।

सेप्टेम्बर 2020 देखि हालैको महिनासम्म SNAP प्राप्त गर्ने र P-EBT का लागि योग्य हुने जोकोहीले आफ्नो EBT कार्डमा रहेको मौज्दात जाँच गर्न चाहने छन् । P-EBT लाभ उनीहरूको SNAP EBT कार्डमा थप गरिने छ ।

गैर- SNAP घरपरिवारको हकमा, यदि तपाईं योग्य हुनुहुन्छ भने तपाईंले 2020 मा जारी गरेको बेलामा प्राप्त गर्नुभएको भए पनि तपाईंलाई नयाँ P-EBT कार्ड (डेबिट कार्ड जस्तै) पठाइनेछ । अतिरिक्त P-EBT लाभ उपलब्ध हुन सक्छ कि सक्दैन र उपलब्ध हुने बारेमा जानकारीको लागि यस पृष्ठमा फेरि हेर्नुहोस् ।

पहिलो निकासामा समावेश स्कुलहरू | Español

**मैले कार्ड कसरी प्रयोग गर्ने ?**

तपाईंको आवेदन स्वीकृत भएपछि तपाईंले पत्राचारमार्फत P-EBT कार्ड प्राप्त गर्नुहुने छ । तपाईंले आफ्नो कार्ड प्रयोग गर्नुअघि त्यसलाई सक्रिय गर्नुपर्ने हुन्छ । तपाईं यसलाई खाना खरिद गर्न प्रयोग गर्न सक्नुहुने छ ।

आफ्नो कार्ड प्रयोग गर्दा तलका चरणहरूको पालना गर्नुहोस्:

- आफ्नो पिन चयन गरेर किनमेल गर्नुअघि तपाईंको कार्ड सक्रिय गर्नुहोस् । आफ्नो कार्डका लागि कसरी पिन सेट गर्ने भन्ने बारेमा तपाईंले निर्देशनहरू प्राप्त गर्नुहुने छ ।
- connectebt मोबाइल एप डाउनलोड गर्नुहोस् वा connectebt.com वेबसाइटसँग परिचित हुनुहोस् ।
- किनमेल गर्नुअघि जहिले पनि आफ्नो मौज्दात रकम जाँच गर्नुहोस् ।
- स्टोरमा, पोइन्ट-अफ-सेल (वा कार्ड रिडर) मेसिनमा EBT छनोट गर्नुहोस् र आफ्नो कार्ड स्वाइप गर्नुहोस् ।
- कीप्याडमा आफ्नो पिन हाल्नुहोस् । मेसिनले **** देखाउने छ ।
- OK वा ENTER की थिच्नुहोस् ।

- क्यासियरले खरिद रकम प्रविष्ट गर्ने छन्, जुन पोइन्ट-अफ-सेल (वा कार्ड रीडर) मेसिनमा देखिने छ ।
- यदि रकम सही छ भने, YES की थिच्नुहोस् ।
- क्यासियरले तपाईंलाई तपाईंको रसिद प्रदान गर्ने छन् । कृपया रसिदमा उल्लेख गरिएको जानकारी सही छ भन्ने कुराको सुनिश्चित गर्नुहोस् ।
- अर्को पटक खरिद गर्दा आफ्नो नयाँ मौज्दात थाहा पाउन सजिलो होस् भनेर यो रसिद आफूसँगै राख्नुहोस् ।

खाना बेच्ने अधिकांश स्टोरहरूमा P-EBT कार्डलाई डेबिट कार्डको रूपमा प्रयोग गर्न सकिन्छ । तपाईं रिटेलर लोकेटर मा आफ्नो जिप कोड हालेर तपाईंको क्षेत्रमा रहेका स्वीकृत स्टोरहरूको सूची हेर्न सक्नुहुन्छ ।

तपाईंले खरिद गर्न सक्ने र नसक्ने सामानहरूको सूची तल दिइएको छ ।

तपाईंले काँचो (तयार नगरिएका) खानाहरू किन्न **सक्नुहुन्छ**:

- रोटी र अनाज
- फलफूल र तरकारीहरू
- मासु, माछा र पोल्ट्री
- दुधजन्य उत्पादनहरू
- खाद्य पदार्थ उब्जाउन बोटबिरुवा र बीउबिजन

तपाईंले तलका जस्ता सामान किन्न **मिल्दैन**:

- तयार खाना, अर्थात्, हट फुड र पसलमै खान सकिने खाद्य पदार्थ
- बियर, वाइन, मदिरा, चुरोट वा सुर्ती
- गैर-खाद्य वस्तुहरू, उदाहरणका लागि, घरपालुवा जनावरको खाना, साबुन, कागजका उत्पादनहरू, सरसफाइ सामग्री
- भिटामिन र औषधिहरू
- व्यक्तिगत सरसफाइका लागि प्रयोग गरिने सामग्रीहरू, अर्थात् स्याम्पु, अत्तर, मञ्जन, सौन्दर्य सामग्री

## बारम्बार सोधिने प्रश्नहरू

### मेरो बच्चा P-EBT लाभको लागि योग्य छन् या छैनन् भनेर मैले कसरी थाहा पाउने ?

निःशुल्क वा सुलभ-मूल्य भोजनको लागि योग्य रहेका (बिहानको खाजा र/वा खाना) वा अधिकांश बालबालिकाहरू ती खानाको लागि योग्य भनेर तोकिएका स्कुलहरूमा अध्ययन गर्ने कुनै पनि बच्चाले यदि उनीहरूको स्कुल 2020-2021 शैक्षिक वर्षमा कम्तीमा लगातार 5 दिन बन्द रहेको छ भने P-EBT भुक्तानी प्राप्त गर्न सक्ने छन् ।

### के यस कार्यक्रमको लागि आवेदन दिनुपर्छ ?

P-EBT लाभहरूको यस चरणको लागि P-EBT का लागि आवेदन दिनुपर्दैन । जे होस्, तपाईंले नि:शुल्क वा सुपथ-मूल्य स्कुल भोजनको लागि साइन अप गरेको हुनैपर्छ । यदि तपाईं नि:शुल्क वा सुपथ-मूल्य भोजनको लागि आवेदन दिन चाहनुहुन्छ भने आफ्नो स्थानीय स्कुलमा सम्पर्क गर्नुहोस् । युटान्स अगेन्स्ट हङ्गर (भोकका विरुद्ध युटाबसी) सँग तपाईंको स्कुलमा सम्पर्क गर्ने सामग्री छ ।

### मेरो बच्चाले यी सुविधाहरू कसरी प्राप्त गर्ने छन् ?

P-EBT लाभहरू डेबिट कार्ड जस्तै EBT कार्डमा निकासा गरिने छ । यो कार्ड EBT कार्ड सक्रिय गराउने र प्रयोग गर्नेसम्बन्धी निर्देशनसहित हुलाकमार्फत पठाइने छ । यदि तपाईंसँग पहिले नै SNAP EBT कार्ड छ र P-EBT लाभको लागि योग्य हुनुहुन्छ भने पैसा स्वतः तपाईंको कार्डमा निकासा गरिने छ ।

### यी लाभहरू कहिले उपलब्ध हुने छन् ?

मार्च 2021 को अन्तिम हप्तामा P-EBT लाभहरू निकासा गर्न सुरू हुने छ । थप भुक्तानी मे, जुन र जुलाई 2021 मा निकासा गर्ने अपेक्षा गरिएको छ ।

### के ती पूर्वगामी (रेट्रोएक्टिभ) छन् ?

P-EBT योग्यता* राष्ट्रिय स्कुल भोजन कार्यक्रममा सहभागिता, नि:शुल्क वा सुपथ-मूल्य स्कुल भोजन स्थिति र विद्यार्थी दूर वा भर्चुअल शिक्षामा सहभागी हुने दिनको आधारमा निर्धारण गरिन्छ । लाभहरू शैक्षिक वर्ष 2020-2021 को लागि हो । *यदि तपाईं नि:शुल्क वा सुपथ-मूल्य भोजनको लागि आवेदन दिन र तपाईं योग्य हुने समयावधिको बारेमा छलफल गर्न चाहनुहुन्छ भने हामी तपाईंलाई आफ्नो स्थानीय स्कुलमा सम्पर्क गर्न प्रोत्साहित गर्दछौं । युटान्स अगेन्स्ट हङ्गर (भोकका विरुद्ध युटाबसी) सँग तपाईंको स्कुलमा सम्पर्क गर्ने सामग्री छ ।

### म P-EBT कार्ड कहाँ प्रयोग गर्न सक्छु ?

तपाईं SNAP EBT कार्डहरू स्वीकार गर्ने कुनै पनि खुद्रा खाद्य स्टोरमा P-EBT कार्ड प्रयोग गर्न सक्नुहुनेछ । यूटामा 1,400 भन्दा बढी स्वीकृत खुद्रा बिक्रेताहरू छन् जसले EBT कार्ड प्रयोग गरेर SNAP खरिद गर्न र प्रक्रिया गर्न सक्दछन् । यी खुद्रा बिक्रेताहरूमा सुपरमार्केटदेखि कन्भेनियन्स स्टोर र किसान बजारहरूसम्म पर्दछन् । तपाईं रिटेलर लोकेटर मा आफ्नो जिप कोड हालेर तपाईंको क्षेत्रमा रहेका स्वीकृत स्टोरहरूको सूची हेर्न सक्नुहुन्छ ।

### के मेरो बच्चाले P-EBT प्राप्त गर्दा उनीहरूको स्कुलको गृष्मकालीन भोजन कार्यक्रम पनि प्रयोग गर्न सक्छन् ?

हो, P-EBT कार्यक्रममा भाग लिनाले तपाईंका बच्चा (हरू) को गृष्मकालीन भोजन कार्यक्रम वा आगामी नि:शुल्क वा सुपथ-मूल्य भोजन योग्यतालाई कुनै असर गर्दैन ।

### के P-EBT लाई सार्वजनिक भारको रूपमा गणना गरिने छ ?

यी लाभहरूको प्रयोगले तपाईंको वा तपाईंको बच्चा (हरू) को आप्रवासको स्थितिमा असर गर्दैन । सार्वजनिक भार परीक्षणमा P-EBT लाभ गणना गरिँदैन ।

### यी लाभहरू कति समयसम्मको लागि मान्य हुन्छन् ?

तपाईंले यी लाभहरू 365 दिनभित्र प्रयोग गरिसक्नुपर्ने छ ।

### यदि मैले यस FAQ मा मेरा उत्तर फेला पार्न सकिनँ भने म कसलाई कल गर्न सक्छु ?

(833) 940-2990

# स्कुल जाने उमेरका बालबालिकाका लागि

## युटा महामारी EBT (P-EBT) योग्यता

यो फ्लोचार्ट युटाका परिवारहरूलाई उनीहरूका विद्यार्थीहरू 2020-2021 शैक्षिक वर्षमा P-EBT का लागि योग्य भए-नभएको कुरा निर्धारण गर्नमा सघाउन डिजाइन गरिएको छ । यस कागजातले लाभको ग्यारेन्टी गर्दैन तर यसलाई शैक्षिक र जानकारीमूलक सामग्रीको रूपमा प्रयोग गरिनुपर्दछ ।

---

**के तपाईंका विद्यार्थी** नेसनल स्कुल लन्च प्रोग्राममा सहभागी हुने स्कुलमा अध्ययन गर्छन् ?

हो →

के तपाईंका बच्चा स्कुलमा उपलब्ध गराइने नि:शुल्क वा सुपथ मूल्यको भोजनको लागि योग्य छन् वा सामुदायिक योग्यता प्रावधान (CEP) मा भाग लिने स्कुलमा अध्ययन गर्दछन् ?

यूटाका सबै स्कुलहरूले यस शैक्षिक वर्ष घरपरिवारका लागि नि:शुल्क भोजन प्रदान गरिरहेका छन् । यसको अर्थ सबै विद्यार्थीहरू स्वत: *P-EBT* का लागि योग्य हुने छन् भन्ने होइन । यी दुई अलग-अलग कार्यक्रमहरू हुन् ।

हो →

**के तपाईंका विद्यार्थी** अनलाइन वा भर्चुअल शैक्षिक वातावरणमा भर्ना भएका छन् ?

हो →

लाभका स्तरहरू विद्यार्थीहरू दूर शिक्षाको कारणले खाना प्राप्त गर्दछन् या गर्दैनन् भन्ने कुराका आधारमा निर्धारण गरिन्छ । विद्यार्थीहरू भोजन उपलब्ध हुने इन-पर्सन शिक्षण गरिने दिनहरूमा P-EBT का लागि योग्य हुँदैनन् ।

होइन →

के तपाईंका विद्यार्थी अध्ययन गर्न स्कुलमा उपस्थित भइरहेका छन् ?

हो →

लाभका स्तरहरू विद्यार्थीहरू इन-पर्सन शिक्षण हुने दिनहरूमा खाना प्राप्त गर्दछन् या गर्दैनन् भन्ने कुराका आधारमा निर्धारण गरिन्छ । विद्यार्थीहरू भोजन उपलब्ध हुने इन-पर्सन शिक्षण गरिने दिनहरूमा P-EBT का लागि योग्य हुँदैनन् ।

होइन →

दुर्भाग्यवश, तपाईंका विद्यार्थी 2020-2021 शैक्षिक वर्षमा P-EBT का लागि योग्य हुने छैनन् । कृपया सम्भावित स्रोतहरूको सूचीका लागि **jobs.utah.gov** हेर्नुहोस् वा तपाईंको परिवारलाई तत्काल खाद्य सहयोग चाहिएको छ भने 211 मा फोन गर्नुहोस् ।

Utah State Board of Education

DEPARTMENT OF WORKFORCE SERVICES